## दण्ड सजाय

सालकको चोरी शिकारी दण्डनीय अपराध हो । नेपालमा सालक वा त्यसका कुनै अंगहरु राख्ने, ढुवानी गर्ने, बेच्ने वा किन्नेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ बमोजिम ५ लाख देखि १० लाख रूपैया सम्म जरिवाना वा ५ वर्ष देखि १५ वर्ष सम्म कैद वा दुवै सजायको प्रावधान छ ।

## सालकको संरक्षण किन गर्ने ?

एउटा वयस्क सालकले प्रति वर्ष अन्दाजी ७ करोड कमिला तथा धमिरा खाने गर्छ । यसरी वन तथा कृषि क्षेत्रमा पाइने हानिकारक किराको सेवन गरी वार्षिक रूपमा सालकले करौडौ रूपैयाको क्षति रोकथाम गर्न मद्दत गर्छ साथै यी किराबाट वन जङ्गलमा पुग्ने अतुलनीय क्षतिलाई कम गर्दै सालकले पारिस्थितिकीय प्रणालीलाइ (Ecosystem) चुस्त बनाई वनको प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्दछ । फलस्वरूप प्राकृतिक प्रकोपबाट हुने क्षति न्युनीकरण गर्न मद्दत पनि गर्ने गर्छ । यसले माटोलाई खन्ने र खुकुलो पार्दछ र माटोको उर्वराशक्ति बढ्नु मद्दत गर्छ । यसले खनेका दुलाहरूमा अरू जीवले पनि आश्रय लिने हुदा वनको जैविक विविधता बढाउन पनि उल्लेखनीय योगदान गर्छ । यति मात्र नभई स्थानीय सामूदायहरूले सालकलाइ मुख्य आकर्षण गरि पर्यटन ब्यबस्थापन (Ecotourism) गर्न सकिन्छ । सो गर्नाले सालकको संरक्षणका साथै स्थानीय समुदायमा आर्थिक ब्रिधि पनि हुन्दछ ।

## सालकको संरक्षण कसरी गर्ने ?

सालक संरक्षणमा जनसमुदायको निर्णायक भूमिका रहन्छ । वनको संरक्षण गरौ । वन जङ्गलमा आश्रित समुदायको सक्रिय निगरानीमा मात्र यो जीवको संरक्षण सम्भव छ । हामीले सालकको महत्व बारे सचेतना फैल्याउनुका साथै यसको अवैद चोरी शिकारीलाई निरूत्साहित गर्नु पर्छ । यो लाभकारी जन्तुलाई बचाउने कार्य प्रत्येक नागरिकको दायित्व पनि हो त्यसैले आजैदेखि सालक संरक्षणमा जुटौ ।





**Sources**

- Challender, D., Wu, S., Kaspal, P., Khatiwada, A., Ghose, A., Ching-Min Sun, N., Mohapatra, R.K. & Laxmi Suwal, T. 2019. *Manis pentadactyla*. The IUCN Red List of Threatened Species 2019: e.T12764A168392151.
- Mahmood, T., Challender, D., Khatiwada, A., Andleeb, S., Perera, P., Trageser, S., Ghose, A. & Mohapatra, R. 2019. Manis crassicaudata. The IUCN Red List of Threatened Species 2019: e.T12761A123583998.
- DNPWC and DoF. 2018. Pangolin Conservation Action Plan for Nepal (2018-2022). Department of National Parks and Wildlife Conservation and Department of Forests, Kathmandu, Nepal.
- https://www.pangolinsg.org/
- https://www.himalayannature.org/
- https://www.smcrf.org/


# सालक संरक्षण अभियान

## Pangolin Conservation Initiative




**Project Funded by**

The Rufford Foundation

**Project Partners**

Biodiversity Conservancy Nepal



**विस्तृत जानकारीका लागि**

**निश्चल श्रेष्ठ**


**बायोडाइभर्सिटी कन्जर्भेन्सी नेपाल**

email: mgnischal@gmail.com
website: www.bioconnepal.org

## परिचय

सालक सन्सारको एक मात्र खपेटायुक्त स्तनधारी जनावर हो । यस जनावरको खपेटा मानिसको नङको तत्व अर्थात केराटिन (Keratin) बाट बनेको हुन्छ । सालक अति लजालु, संवेदनशील एवम् शान्त वातावरण मन पराउने जीव हो। जमिनमा दुलो खन्नेरबस्न रूचाउने यो जन्तु रात्रीको समयमा निकै सक्रिय रहन्छ ।

दाँतको अभाव भएतापनि यिनिहरू आफ्नु लामो जिब्रोको मद्दतले कमिला तथा धमिरा खाने गर्दछन । सालकहरूको दृष्टि पनि निकै कमजोर हुन्छ, त्यसैले तिनीहरु धमिरा र कमिलाको गुँड आफ्नो नाकले सुँघेर पत्ता लगाउछन् । उनिहरू आफ्नु क्षेत्र चिन्हांकन गर्न विशेष प्रकारको गन्ध निकाल्ने गर्दछन । मानिसलाई कुनैपनि हानि नोक्सानी नगर्ने यो जीव आफू असुरक्षित भएको महसुस गर्दा भकुन्डोजस्तै डल्लो पर्ने गर्दछ ।








नेपालमा दुई प्रजातीका सालक पाईन्छ - कालो सालक (Chinese Pangolin) र तामे सालक (Indian Pangolin) । दुई सालक बिचको फरक भने उनिहरूको कानको आकार, खपेटाको सांख्या तथा तौलबाट छुट्याउन सकिन्छ । विश्व संरक्षण संघको (IUCN) रेड लिस्ट सूची (Red List) अन्तर्गत कालो सालक अति संकटापन्न (Critically Endangered) तथा तामे सालक संकटापन्न (Endangered) जीवको सुचीमा राखिएको छ ।

## भौगोलिक वितरण

सालक सामान्यतया पहाड र तराई क्षेत्रका जिल्लाहरूमा २००० मिटर समुन्द्री सतह भन्दा कमको उचाइमा पाइन्छ । कालो सालक नेपालको पुर्व देखि पश्चिमी मध्य पहाडी भूभागहरूमा पाइन्छ भने तामे सालक नेपालको पश्चिमी तराई भूभागहरूमा पाइन्छ । सालकहरूले उक्त भूभागहरूका जंगलहरु, बाँसघारी , घाँसे मैदानहरु, कृषि क्षेत्रहरु र सो बासस्थानहरुमा पाइन्छन् । यसले प्रायः रातो र खैरो माटोमा आफ्नो दुलो बनाउँद छ ।




## लोप हुनुका कारणहरु

सालकको मासु तथा खपेटा परम्परागत औषधी उपचारमा प्रयोग गर्न मिल्छ भन्ने अन्धविश्वास सालक संरक्षणको एउटा महत्पूर्ण चुनौती हो । सोही कारण सालकहरु अवैध चोरी र सिकारको उच्च जोखिममा छन् । अत्याधिक वन फँडानी, अव्यवस्थित पूर्वाधार विकास र व्यापक कृषि विस्तारको कारणले गर्दा सालकहरुको बासस्थानहरु पनि घट्दै छन् । स्थानिय तहमा संरक्षण शिक्षा कार्यक्रम र जनचेतनाको कमी पनि सालक संरक्षणको एउटा महत्पूर्ण चुनौती हो । सालकको यथाशिघ्र संरक्षण नगरे यो प्रजाति विश्वबाट नै लोप हुने अवस्था देखिन्छ ।

